| चलचित्र ऐन २०८१ माथि पुनरावलकोन प्रस्ताव | | | |
|---|---|---|---|
| **क्र.श.** | **प्रस्तावित** | **संशोधन** | **आधार** |
| १. | प्रस्तावनाः चलचित्र क्षेत्रलाई सामाजिक,साँस्कृतिक र मनोरञ्जनात्मक उद्योगकोरुपमा विकास गर्न तथा स्वदेशी चलचित्रको विकास,विस्तार,प्रवर्धन र नियमन गर्न चलचित्रसम्वन्धि प्रचलित कानुनलाई संशोधन र एकिकरण गर्न वाञ्छनीय भएकाले | चलचित्र क्षेत्रलाई सामाजिक,साँस्कृतिक,सृजनात्मक र मनोरञ्जनात्मक उद्योगकोरुपमा विकास गर्न तथा स्वदेशी चलचित्रको समयसापेक्ष विकास,विस्तार,प्रवर्धन र नियमन गर्न चलचित्रसम्वनधि प्रचलित कानुनलाई संशोधन , एकिकरण र नयाँ कानुन बनाउन आवश्यक भएकाले | चलचित्र सृजनात्मक उत्पादन हो भन्ने तथ्यलाई आत्मसाथ गर्न ।<br><br>समयसापेक्षले आधुनिक परिवेशमा चलचित्रको विषयमा अवलम्वन गर्नुपर्ने प्रावधानहरुको मार्गदर्शन गर्नेभएकाले । प्रस्तावना अनुसार विधेयकमा प्रस्तुत भएका दफाहरु मेल नभएको देखिन्छ । प्रस्तावना अति उत्तम छ सोही अनुसार विधेयकका दफाहरु संशोधन गर्न आवश्यक देखिएकाले । |
| २. | दफा २ को खण्ड (ख) "चलचित्र" भन्नाले सार्वजनिक रूपमा प्रदर्शन गर्ने उद्देश्यले तयार गरिएको सामाजिक, साँस्कृतिक, मनोरन्जनात्मक, सिर्जनात्मक र व्यवसायिक श्रव्यदृश्य चित्र सम्झनुपर्छ । | "चलचित्र" भन्नाले श्रव्यदृश्यका माध्यमबाट गरिने सबै किसिमका सिर्जनात्मक उत्पादन भन्ने मान्नु पर्छ । यो दुई प्रकारको हुन्छ : व्यापारिक चलचित्र र गैर व्यापारिक चलचित्र ।<br>व्यापारिक भन्नाले सिनेमा हलमा टिकट किनेरमात्र देखाईने चलचित्र बुझिनेछ।<br>गैरव्यापारिक भन्नाले निशुल्करुपम प्रदर्शन गरिने चलचित्र भनी बुझिनेछ ।<br><br>चलचित्रको परिभाषा भित्र व्यापारिक चलचित्र, स्वतन्त्र चलचित्र, लघु चलचित्र, वृत्तचित्र, आदिवासी चलचित्र, एनिमेशन चलचित्र, टेलिचलचित्र, बाल चलचित्र, वेबसिरिज, गेम तथा भीआर ( भर्चुअल रियालिटी) आदिलाई | सार्वजनिक रूपमा प्रर्दशन गरिने उद्देश्य भएपनि व्यापारिक र गैरव्यापारिक फरक फरक उद्देश्य हुँदा दुबैलाई फरक दृष्टिकोणले हेरिनु पर्छ । सामाजिक, सांस्कृतिक चाहिँ चलचित्रको (जनरा)विधा मात्र हो । मनोरन्जन त भाव मात्र हो । समयसापेक्ष र चलचित्रको विश्वव्यापी मान्यताअनुरूप नेपाली चलचित्रको परिभाषा र यसले गर्ने प्रतिनिधित्वलाई स्पष्ट गराउन यो दफा संशोधन गर्नु जरुरी छ । |

| | | | |
|---|---|---|---|
| | | बुझाउँछ । | |
| ३. | दफा २ को खण्ड (ठ) मन्त्रालय भन्नाले नेपाल सरकारको सन्चार तथा सुचना प्रविधि मन्त्रालय सम्झनु पर्छ । | मन्त्रालय भन्नाले सरकारको संस्कृती मन्त्रालय सम्झनु पर्छ । | चलचित्र कसरि संचारको साधन भयो ? यो कला सहित्य होइन र ? जसरी नाटक, साहित्य , संगित कला, सस्कृति मन्त्रालय अन्तर्गत छन् त्यसरि नै चलचित्रलाइ पनि व्यवस्थापन संस्कृती मन्त्रालयले गनुपर्ने होइन र? चलचित्रको प्रारम्भमा पन्चायतकालमा सन्चार मन्त्रालय अन्तर्गत थियो भन्दैमा त्यसैलाइ निरन्तरता दिनु कत्तिको जायज र प्रगतिशिलता हो ? |
| ४ | दफा ५ को उपदफा १ वोर्डमा देहाय बमोजिमको अध्यक्ष र सदस्य रहनेछन् । | बोर्डमा देहाए बमोजिमको अध्यक्ष र सदस्य रहनेछन्। क. नेपाल सरकारले नियुक्ति गरेको चलचित्र विज्ञ अध्यक्ष । ख. चलचित्र क्षेत्रबाट विधागत प्रतिनिधित्वलाई प्राथमिकतामा राखेर ४ जना सदस्य । ग. मन्त्रालय प्रतिनिधि १ घ. खुला प्रतिस्पर्धाबाट छनोट कार्यकारी प्रमुख एकजना सदस्य सचिव । | संस्थालाई पूर्ण व्यवसायिक बनाउन यो गर्नु जरूरी छ । यसको आधार सञ्चालक समिति र कार्यकारी समिति बनाएर काम गर्दा संस्थाभित्र शक्ति सन्तुलन हुने तथा संस्थालाई पूर्ण व्यवसायिक बनाउन सकिनेछ। सञ्चालक समितिले नीति योजना तर्जुमा गर्छ भने कार्यकारी प्रमुखले नीति योजना लागू गर्छ । कार्यकारिणी समिति पुर्णरुपले प्रतिस्पर्धाबाट छनौट गरिन्छ । यसले ती निति योजनालाइ लागु गर्छ । |

| | | | |
|---|---|---|---|
| | | | |
| ५. | दफा ५ को उपदफा २ : मनोनयन हुने अध्यक्ष र सदस्यहरूको समयावधि ४ वर्ष हुनेछ । | मनोनीत हुने अध्यक्ष र सदस्य कार्यकारि प्रमुखको अवधि २ वर्ष मात्र हुनेछ । | संस्थालाइ पुर्ण व्यावसायिक बनाउन |
| ६. | दफा ६ को उपदफा १<br>चलचित्र विकास बोर्डको काम कर्तव्य को लिस्ट | खण्ड ख बाट ऐतिहासिक धार्मिक मुल्य मान्यता हटाउने र त्यसका लागि चलचित्र कोषको व्यवस्थ ागर्ने भन्ने थप्ने<br>ख्ण्ड ग नेपालि चलचित्र कर्मिहरुको संरक्षण गर्ने मात्र लेख्ने<br>खण्ड ङ मा थप्ने-र तेस्ता कार्यक्रम गर्ने सरकारवाला संघ संस्था हरुलाइ सहयोग गर्ने<br>खण्ड ज वर्ग भन्ने शब्द हटाउने आदिवासि भन्ने शब्द थप्ने<br>थप्ने-चलचित्रको राषट्रिय तथा अन्तराट्रिय बजारिकरणका लागि आवश्यक निति योजना र कार्यक्रम बनाइ कार्यन्यवन गर्ने<br>थप्ने-स्वदेशि तथा विदेशि चलचित्र सहनिर्माण गर्न आवश्यक पर्ने निति नियम निमार्ण गरि कार्यन्वयन गर्ने<br>थप्ने-विभिन्न मुलुक संग चलचित्र सन्दि सम्झौत ागर्न नेपाल सरकार संग संयोजन गर्ने<br>थप्ने-चलचित्र विषयमा अध्ययन अनुसन्धान गर्ने गराउने<br>थप्ने-चलचित्र अर्काइव र म्युजियमको संरचना निमार्ण गर्ने तथा व्यवस्थापन गर्ने | चलचित्रको विकास बोर्डको काम, कर्तव्य र अधिकार समय सापेक्ष र चलचित्र कर्मिको हितको लागी काम गर्ने संस्था बनाउनको लागि |

| | | | |
|---|---|---|---|
| | | थप्ने-वार्षिक रुपमा राष्ट्रिय पुरस्कार आयोजना गर्ने<br>थप्ने- संघात्मक संरचना अनुसार प्रदेशहरुमा चलचित्रको विकास गर्न संस्थागत संरचना निमार्ण गर्न संयोजन गर्ने र सहकार्य गर्न<br><br>चलचित्रलाई सृष्टाको वौद्धिक सम्पत्तिकोरुपमा संरक्षण गर्ने र सम्वन्धित निकायसँग समन्वय गर्ने | |
| ७. | दफा ६ को उपदफा २ उपदफा १ को खण्ड -क) बमोजिम वोर्डको दिर्घकालीन योजना, वार्षिक कार्यक्रम तथा वजेट स्वीकृत गर्नु भन्दा पहिले मन्त्रालयको सहमति लिनु पर्ने छ । | वोर्डले आफ्नो योजना बार्षिक कार्यक्रम र वजेट स्वीकृत गरेपछि मन्त्रालयलाई जानकारी गराउने छ । | दफा ४ को उपदफा १ मा वोर्ड अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्था हुनेछ र यसले  कानुनी व्यक्तित्व प्राप्त गर्नेछ भनेपछि आफु अनुकुल निर्णय गर्ने सक्षम हुनुपर्नेमा मन्त्रालयको आदेश कुर्नुपर्ने अवस्था वन्नु हुदैन । |
| ८. | दफा १७ को उपदफा १ डिजिटल प्लेटफर्म मार्फत चलचित्र वा चलचित्रजन्य  सामग्री को प्रदर्शन गर्न चाहेमा त्यस्तो प्लेटफर्म, वोर्डवाट इजाजत लिनु पर्ने छ । | डिजिटल प्लेटफर्मले विकास वोर्डबाट अनुमति लिएपछि उक्त प्लेटफर्म मार्फत चलचित्र प्रदर्शन गन स्वत पाइने छ । | डिजिटल प्लेटफर्ममा प्रदर्शन हुने हरेक चलचित्रले वोर्डबाट इजाजत लिने भन्ने अवधारणा नै प्रविधि मैत्रि होइन र संसारमा कँहिपनि यो नियम नभएको । |
| ९. | दफा २५ को उपदफा १ कुनै विदेशी व्यक्ति वा संस्थाले नेपालमा विदेशी चलचित्र तथा वृत्तचित्रको छायाङ्कन गर्न चाहेमा त्यस्तो छायाङ्कनको लागि मन्त्रालय बाट स्वीकृत लिनु पर्नेछ । | कुनै विदेशी व्यक्ति वा संस्थाले नेपालमा विदेशी चलचित्र तथा वृत्तचित्र छायाङ्कनको लागि विकास वोर्डबाट स्वीकृती लिनुपर्ने छ । | चलचित्र सम्बन्धी सम्पुर्ण काम कारबाहि  गर्न चलचित्र विकास वोर्ड स्थापना गरेपछि मन्त्रालयले सो अधिकार  लिन किन खोजिएको हो ?<br>यसमा चलचित्र विकास वोर्डको अधिकार खुम्च्याउन खोजिएको देखिन्छ । |
| १०. | दफा २६ को उपदफा १ नेपालमा विदेशी चलचित्र तथा वृत्तचित्रको छायाङ्कनका लागी मन्त्रालयले | यो आवश्यक छैन । | <br>दफा २५ को उपदफा ५ |

| | | | |
|---|---|---|---|
| | आवश्यकता अनुसार वोर्डमा पदाधिकारी वा मन्त्रालय कर्मचारी वा चलचित्रसंग सम्बन्धित संस्थाको प्रतिनिधिको सम्पर्क अधिकृतको रुपमा खटाउन सक्नेछ । | | अनुसार नेपाली संस्थाले निर्माण इजाजत लिईसकेपछि त्यसको सम्पूर्ण दायित्व उक्त संस्थाको हुनेछ । त्यसकारण थप अर्को व्यक्ति पठाउन आवयकता नरहने । |
| ११. | दफा २५ को उपदफा ६ बमोजिम सहमति प्राप्त विदेशि चलचित्र तथा वृत्तचित्रको छायाङ्कन गर्दा तोकीए बमोजिम नेपाली प्रविधिक लगायत अन्य जनशक्ति  संलग्न गराउनुपर्ने । | नेपालमा छायाङ्कन गर्ने विदेशी चलचित्रले नेपाली दक्ष जनशक्ति प्रयोग गरेवापत उत्प्रेरणाको रुपमा कर छुट पाउने छन् । | नेपालमा चलचित्र छायाङ्कनका लागि विदेशि संस्थालाइ आकषिर्त गर्न । यो चलन अन्य देशहरुले अवलम्वन गरिसकेकाछन् र राम्रो प्रतिफल लिएकाछन् । |
| १२. | दफा २७ को उपदफा १<br>चलचित्र निर्माण वितरण वा प्रदर्सनको इजाजत पत्र प्राप्त कुनै व्यक्तिले नेपालभित्र सार्बजनिक रुपमा चलचित्र प्रदशन गर्न अगावै जाँच समितिबाट चलचित्रको जाँच गराउनुपर्ने छ । | चलचित्र जाँच समितिको नाम अब चलचित्र प्रमाणीकरण बोर्ड हुनेछ र यो बोर्ड स्वायत्त निकाय हुनेछ । यसले पास फेल भन्दा पनि चलचित्रको उमेर समूह अनुसारको वर्गीकरण गर्नेछ । व्यापारिक चलचित्रले प्रमाणीकरण बोर्डबाट वर्गीकृत प्रमाणीकरण गराउनुपर्नेछ। टिकट बिकी नगरिकन देखाईने गैर व्यापारिक, रचनात्मक तथा चलचित्र महोत्सवका लागि आउने चलचित्रले यो प्रक्रिया गर्नुपर्दैन । | कला साहित्यको उत्पादनलाई जाच गरेर पास फेल गर्ने भन्ने आवधारणनै अव हामीले त्याग्नु पर्नेछ ।<br>वालिक र नावालिकको दृषटिकोणबाट वर्गीकिरण पुर्ण लोकतान्त्रिक हुनेछ ।<br>चलचित्र प्रमाण्किरणको वोर्डको अवधारण समय अनुकुल स्पष्ट पार्नु अत्यन्तै आवश्यक रहेको छ । |
| १३. | दफा २८ को उपदफा १<br>स्वेदेशि वा विदेशी चलचित्र प्रदर्शन गर्न अघि त्यस्तो चलचित्र प्रदर्शन गर्न अनुमति दिन उपयुक्त भए नभएको सम्बन्धमा जाँच गर्नका लागि केन्द्रियस्तरमा देहाय बमोजिमको एक जाँच समिति रहनेछ जसको अध्यक्षता मन्त्रालयले तोकेको सहसचिवले  गर्नेछ । जसमा बहुमत उपस्थिति मन्त्रालयका कर्मचमारीको रहनेछ । | स्वेदेशि वा विदेशी चलचित्र प्रर्दसन गर्नु  अघि त्यस्तो चलचित्र प्रर्दशन गर्न अनुमति दिनको लागि वर्गिकरण गर्ने केन्द्रियस्तरमा एक विशेष समिति रहनेछ जसमा चलचित्र क्षेत्रसंग सम्बन्धित दक्ष र प्रतिष्ठित व्यक्तित्वले त्यसको नेतृत्व गर्नेछ र जसमा बहुमत उपस्थिती चलचित्रकर्मिहरुको हुनेछ ।<br>त्यस्तै प्रदेशस्तरिय चलचित्र | चलचित्रको विषयमा चलचित्र क्षेत्रकै व्यक्तित्व जिम्वेवार र जवाफदेहि हुने हुँदा चलचित्र क्षेत्रलाइ नै यो व्यवस्थापनको जिम्वेदारी दिइनु पर्छ यसमा मन्त्रालय हावीहुनको साटो सहजिकरण मात्र गरिदिनु उचित हुनेछ ।<br>अब प्रदेशस्तरिय रुपमा पनि चलचित्र प्रमाणिकरण वोर्डको अवधारण आउनुपर्छ ।<br>संघियताको यो मर्मलाइ किन |

| | | | |
|---|---|---|---|
| | | प्रमाणिकरण वोर्डको पनि अवधारणा विकास गरेर त्यस प्रदेशबाट प्रतिनिधित्व गर्ने चलचित्रकर्मिकै नेतृत्वमा यो प्रकृया सन्चालन गर्ने ।<br>संयोजनको लागि समवन्धित मन्त्रालयको एक सदस्य रहनेछ । | वेवास्ता गरेको ? |
| १४. | दफा २८ को उपदफा २<br><br>उपदफा १ बमोजिम गठित जाच समितिको सचिवालय मन्त्रालयमा रहनेछ । | उपदफा १ बमोजिम गठित प्रमाणिकरण वोर्डको छुट्टै आफ्नै कार्यालय रहनेछ | यो मन्त्रालयको परिधिभन्दा बाहिर आउनुपर्छ । विशेष प्राविधिक रुपमा सुविधा सम्पन्न कार्यालयको आवश्यकता पर्दछ । |
| १५. | दफा ३० को उपदफा १ खण्ड (ख)<br>चलचित्रमा कुनै काँटछाट वा हेरफेर गरी वा अन्य कुनै शर्त वन्देजको पालना गरी मात्र सार्वजनिक प्रर्दसन गर्न पाउने गरी अनुमति दिने वा खण्ड -ग) तोकिए बमोजिमका मापदण्ड आधारमा निश्चित उमेर समुहका व्याक्तिलाई मात्र सार्वजनिक प्रदर्शन गर्न पाउने गरी अनुमति दिने । | खण्ड (ग) मात्र लागु हुने<br><br>तोकिए बमोजिमका मापदण्ड आधारमा निश्चित उमेर समुहका व्यक्तिलाइ मात्र सार्वजनिक प्रदर्शन गर्न पाउने गरी अनुमति दिने ।<br><br>खण्ड (ख) लगाउन नपर्ने | यो संविधानको अभिव्यक्ति स्वतन्त्रतका को मुल मर्म विपरित भएको छ ।<br>खण्ड -ग)ले नै चलचित्र वर्गिकरण गरिदिने हुनाले त्यस पछाडि अझ कुनै काँटछाट गर्ने भन्ने प्रावधानको आवश्यकता नै हुदैन ।<br>खण्ड -ख) माथि नै चलचित्रकर्मिहरुको ठुलो असहमति रहेको छ । यस विषयमा स्पष्ट छलफल गरेर चलचित्रकर्मिहरुको सहमति लिएर मात्र अगाडि बढ्नुपर्नेमा नेपाल सरकारको मन्त्रालय र सचिवहरु यस विषयमा छलफल गर्न कहिल्यै पनि राजि नभएको चलचित्रकर्मिहरुको गुनासो सुनिन्छ र यो संविधानले दिएको अभिव्यक्ति स्वतन्त्रताको मूलमर्म विपरीत छ । |
| १६. | दफा ३१ को उपदफा १<br>नेपाल सरकारले चलचित्रको प्रदर्सनबाट सुरक्षा र व्यवस्थामा प्रतिकुल असर पर्ने, सार्वजनिक शान्ति | स्वायत्त चलचित्र प्रमाणिकरण वोर्डले प्रदर्सन अनुमति दिईसकेपछि यस्तो दफाको | चलचित्र प्रमाणिकरण वोर्डको स्थापनाको विषयमा अस्पष्ट भएका कारण यो उपदफा |

| | | | |
|---|---|---|---|
| | भङ्ग हुने ,समाजमा वर्गिय , क्षेत्रिय प्रादेशिक धार्मिक आर्थिक, संस्कृतिक जातिय आधारमा भेदभावको सिर्जना हुने वा लैङ्गीक हिंसा वा दुर्व्यबहारलाई बढावा दिन सक्ने देखिएमा त्यस्तो चलचित्र प्रर्दशन गर्न रोक लगाउन आदेश दिन सक्नेछ । | खाँचो छैन । यो हटाउनुपर्नेछ । चलचित्र प्रमाणिकरण वोर्डको अवधारणाभित्र यस्तो सम्भावित परिस्थितिमा के गर्ने भन्ने आधार उल्लेख गर्ने । | आएको हो । यो उपदफाको अस्तित्वले नेपालि चलचित्र क्षेत्र धरासायी हुनेछ । यसले चलचित्र प्रदर्शनको अनिश्चितता निमार्ण गर्छ । चलचित्र प्रदर्शन अधिकारको रक्षा गर्नु पर्नेमा उल्टै त्रासको वातावरण वन्न मद्धत पुराउने यो दफाले प्रशासनलाइ हस्तक्षेप गर्ने अधिकार दिएको छ । |
| १७. | दफा ३३ को उपदफा १<br>चलचित्र घर नभएको क्षेत्रमा बसोवास गर्ने समुदायसंग सम्बन्धित मातृभाषी चलचित्र तथा अन्य स्वदेशि चलचित्र प्रदर्शनको लागी बार्डले घुम्ती तथा खुल्ला चलचित्रको प्रदर्शनको लागी आवश्यक व्यवस्था गर्न सक्नेछ । | चलचित्र घर नभएको क्षेत्रमा आदिवासी तथा मातृभाषी चलचित्र तथा अन्य स्वदेशी चलचित्र प्रदर्सनका लागि प्रदेश स्तरिय वोर्डले व्यवश्था गर्नेछ ।<br>प्रदेशस्तरिय चलचित्र विकाश वोर्डको अवधारण यो ऐनले स्पष्ट पार्नुपर्नेछ । | यो ऐनले प्रदेशस्तरिय चलचित्र विकास वोर्डको स्थापनाको बारेमा केही वोलेको छैन । यो संघियताको मर्म अनुरुप भएन । |
| १८. | दफा ४१ को उपदफा २ को खण्ड क<br>नेपाल सरकार बाट प्राप्त रकम | नेपालमा प्रदर्शन भएका चलचित्रहरुबाट उठेको कर वापतको रकम चलचित्र विकास वोर्डको कोषमा नेपाल सरकारले जम्मा गरिदिने तथा नेपाल सरकारबाट प्राप्त अनुदान | चलचित्र विकास वोर्डको आर्थिक स्वतन्त्रता अत्यन्त महत्वपुर्ण पक्ष हो ।<br>हाल चलचित्र विकास शुल्कको रकम चलचित्र विकास वोर्डको आर्थिक स्रोत भएको छ त्यसलाई यो ऐनले हटाउन खोजिएको छ । |
| १९. | दफा ४५ को उपदफा १ वोर्डले नेपाल सरकारको स्वीकृतिमा चलचित्र सम्बन्धि अध्ययन अनुसन्धानका लागी चलचित्र प्रशिक्षण केन्द्र स्थापना गर्नेछ । | स्वायत्त रुपमा नेपाल फिल्म एण्ड टेलिभिजन इन्टिच्युटको स्थापना गरी चलचित्र निमार्णका लागी दक्ष जनशक्ति उत्पादन गर्नेछ । | छिमेकी भारतमा रहेको फिल्म एण्ड टेलिभिजन इन्टिच्युट अफ इन्डियाकै अवधारणालाइ आत्मसाथ गर्न सकिन्छ । |
| २०. | दफा ५० अनुसार वोर्डले नेपाल सरकारसंग सम्पर्क राख्दा मन्त्रालय मार्फत सम्पर्क राख्नुपर्ने छ । | वोर्डले चलचित्रको विकासका लागी नेपाल सरकारका कुनै पनि निकायसंग प्रत्यक्ष सम्पर्क र सम्झौता गर्न सक्नेछ । | चलचित्रको विकासका लागि कतिपय नियम कानुन तथा संरचनाहरु बाधक बन्ने थुप्रै उदाहरणहरु भएका कारण चलचित्रको विकासको लागि |

| | | | |
|---|---|---|---|
| | | | वोर्डले स्वतन्त्र रुपमा काम गर्न सक्षम हुनुपर्छ । यदि वोर्डको स्तरमा त्यो गर्न नमिल्ने हो भने कार्यकारी अधिकार सहितको चलचित्र आयोग वा चलचित्र काउन्सील वा चलचित्र प्रज्ञा प्रतिष्ठान जस्तो संरचनाको विकास गनुपऱ्यो । |
| सुझाव | सार्वभौम संसदका सदस्यहरुलाइ हाम्रो आग्रह छ कि यो प्रस्तावित विधेयक  हामी चलचित्रकर्मिसंग राम्ररी छलफल नगरि मन्त्रालयका सचिवहरुको हस्तक्षेपकारी भुमिकाबाट मात्र आएको हो । विधेयक प्रस्ताव गर्ने पक्षलाइ चलचित्र क्षेत्रसगं राम्ररी छलफल गरेर पुन प्रस्ताव गर्नका लागि प्रस्तावित विधेयक फिर्ता पठाइदिनुभएमा चलचित्रको हितमा चलचित्र ऐन ल्याउने सम्भावना बढ्नेछ अहिले चलचित्र क्षेत्र प्रस्तावित यो ऐनबाट निराश छ । सैद्धान्तिकरुपमा यो विधेयक नेपालको संविधानले व्यक्तिलाई दिएको अभिव्यक्ति स्वतन्त्रताको विपरीत ,संघीयताको मर्म विपरीत र शक्ति सन्तुलनको सिद्धान्त विपरीत देखिएको छ । | | |

**बैशाख १६ गते बसेको चलचित्र सभाबाट प्रस्तावित**

**संयोजक**

**मनोज पण्डित**
**९८५१०३४८७७**